# लुम्बिनीमा ठूला दलबाट महिला उम्मेदवार न्यून

गोपाल शर्मा भट्टराई | दाङ

रुकुमपूर्वमा कांग्रेसकी उम्मेदवार हुन्- कुसुमदेवी थापा। उनका प्रतिस्पर्धी छन्- नेपाली कम्युनिस्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)। निवर्तमान प्रतिनिधिसभा सदस्य थापा लुम्बिनीका १२ जिल्लामा एकमात्रै कांग्रेसकी महिला उम्मेदवार हुन्। जबकि लुम्बिनीका २६ निर्वाचन क्षेत्रमा कांग्रेसले प्रत्यक्षमा थापालाई मात्रै उम्मेदवार बनाएको छ, त्यो पनि पार्टीको जग कमजोर रहेको जिल्लामा। विगतको निर्वाचन र स्थानीय तहका निर्वाचन परिणाममा रुकुमपूर्वमा कांग्रेसको जनाधार कमजोर छ। एमालेले बर्दिया क्षेत्र नं २ बाट विमला विकलाई उम्मेदवार बनाएको छ। एमालेले पनि २६ निर्वाचन क्षेत्रमा विमलालाई मात्रै उम्मेदवार बनाएको छ। यो क्षेत्रमा नेपाली कांग्रेसले निवर्तमान सहमहामन्त्री किशोरसिंह राठौर र नेपाली कम्युनिस्ट पार्टीले सुरेश पन्थलाई उम्मेदवार बनाएको छ। चर्चामा रहेका यी दुईसहित अन्य उम्मेदवारसँग विमलाको प्रतिस्पर्धा पनि त्यति सहज देखिँदैन।

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) क्षेत्र नं. १ मा नेपाली कम्युनिस्ट पार्टीबाट सिन्धु जलेशा बुढाथोकी उम्मेदवार छिन्। उनी पनि नेकपाको एक्लो उम्मेदवार हुन्। मुलुकका ठूला तीन दलले



२६ निर्वाचन क्षेत्र रहेको लुम्बिनीमा एक/एक जनामात्रै महिला उम्मेदवार खडा गरेका छन्। ठूलो चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टीले त लुम्बिनीमा एक जना पनि महिला उम्मेदवार बनाएको छैन। अन्य केही साना दल र स्वतन्त्र रूपमा भने केही महिला उम्मेदवार देखिएका छन्। लुम्बिनीमा मनोनयन गरेका ५ सय ९९ जना उम्मेदवारमध्ये ५६ जनामात्रै महिला उम्मेदवार छन्। जबकि ५ सय ४३ जना पुरुष उम्मेदवार छन्। दलहरूको महिला उम्मेदवार नाम मात्रैका देखाएका छन्। महिला उम्मेदवार ३ दशमलव ८४ प्रतिशतमात्रै छन्।

समावेशिता, लैंगिक समानता र महिला सशक्तीकरणका चर्का नारा लगाउने गरेका ठूला राजनीतिक दलहरू व्यवहारमा भने कमजोर छन् भन्ने उदाहरण लुम्बिनी प्रदेशमा प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि दर्ता भएका उम्मेदवारहरूको तथ्यांकले देखाइदिएको छ भने ठूला दलहरूको समावेशिताप्रतिको प्रतिबद्धता खोक्रो साबित गरेको छ।

लुम्बिनीमा ५६ महिला उम्मेदवार छन्। जसमध्ये ५३ जना त साना दलका र स्वतन्त्र उम्मेदवार छन्। राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी, आमजनता पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, विभिन्न कम्युनिस्ट धारका साना दल तथा स्वतन्त्र उम्मेदवारहरूले मात्रै महिलालाई अवसर दिएको देखिन्छ। यसले ठूला दलहरू सत्ता र प्रभावशाली क्षेत्रमा पुरुष केन्द्रित राजनीति गर्नमै सीमित रहेको स्पष्ट संकेत गरिरहेको छ।

**कानुनी बाध्यता पूरा, नैतिक जिम्मेवारी बेवास्ता**

संविधान र कानुनले समानुपातिक प्रणालीमा महिला सहभागिता सुनिश्चित गरे पनि प्रत्यक्ष निर्वाचनमा महिलालाई पन्छाउने प्रवृत्ति अझै हट्न सकेको छैन। नेताहरू भाषणमा लैंगिक समानताको वकालत गरे पनि टिकट वितरणको बेला महिलालाई 'जोखिम' भनेर पछि पार्ने गरिएको महिला अधिकारकर्मीहरूको भनाइ छ। यो अवस्था केवल लुम्बिनीको मात्र समस्या होइन, देशव्यापी राजनीतिक संस्कृतिको प्रतिबिम्बको रूपमा रहेको विश्लेषकहरूको भनाइ छ।

महिला सहभागिता संविधानको बाध्यता हो, दलहरूको चेतनाबाट आएको होइन, त्यसैले प्रत्यक्षतर्फ महिलालाई उभ्याउने आँट ठूला दलहरूले गर्न सकेका छैनन्।

**महिला मतदातालाई अपमान ?**

लुम्बिनी प्रदेशमा ३३ लाख ८६ हजार ६ सय ८० मतदाता रहेको छ। यसमा १६ लाख ७१ हजार ४ सय ८९ मतदाता महिला रहेका छन् भने १७ लाख १५ हजार १ सय ६३ पुरुष मतदाता रहेका छन्। महिला मतदाताको संख्या उल्लेख्य हुँदाहुँदै पनि उनीहरूको प्रतिनिधित्व नगर्नु महिला मतदाताप्रतिको अपमान भएको टिप्पणी सुरु भएको छ। महिला मतदाता झन्डै ५० प्रतिशत हुँदा पनि महिला उम्मेदवार भने शून्य प्रायः छन्। समावेशिताको नारा लगाउने दलहरूकै कारण राजनीति अझै पनि पुरुषहरूको अखडा बनेको अधिकारकर्मी सुष्मा गिरीको भनाइ छ। ठूला दलहरू प्रत्यक्ष निर्वाचनलाई शक्ति, पहुँच र सत्तासँग जोड्छन्। यतिमात्रै हैन दिनै परे पनि 'जित्ने क्षेत्र' पुरुष उम्मेदवारलाई सुरक्षित राख्ने र महिलालाई कमजोर वा कठिन क्षेत्रतर्फ धकेल्ने प्रवृत्ति अझै पनि हाबी छ।

# पूर्वबाट फर्किए बालेन, गगन झरे मधेस

**काठमाडौं** (अन्नपूर्ण) : चुनावी अभियानका क्रममा ६ दिन कोशी प्रदेशका विभिन्न जिल्ला पुगेका रास्वपाका वरिष्ठ नेता बालेन शनिबार काठमाडौं फर्किएका छन्। विशेष महाधिवेशनबाट सभापति चुनिएर आकस्मिक रूपमा सर्लाही ४ निर्वाचन क्षेत्र रोजेका गगन थापा भने शनिबार नै मधेस झरेका छन्।

काठमाडौंको प्रमुख पदबाट राजीनामा दिएर बालेन मधेस प्रदेशको राजधानी जकपुरको सभामा सहभागी भएका थिए।

मधेसमा केही भेटघाटका कार्यक्रमहरूपछि उनी कोशी प्रदेश पुगेका थिए। माघ ५ गते साँझ कोशी प्रदेश प्रवेश गरेका उनी उक्त दिन उर्लाबारी नगरपालिका-७ पशुपतिमार्गमा रहेको आफ्नो ससुरालीमा बसे।



- बालेनले ६ दिनमा झापा, इलामदेखि संखुवासभा भ्रमण
- गगन थापा आकस्मिक रूपमा सर्लाही ४ रोज्दै मधेस यात्रामा



त्यसको भोलिपल्ट बिहान केही भेटघाट गरेर उनी झापा निर्वाचन क्षेत्र ५ मा उम्मेदवारी दिन पुगेका थिए । उक्त दिन उनले उम्मेदवारी दिएर समर्थकहरूलाई भेटघाट गर्दै दमकमै बसेका थिए। भोलिपल्ट उनले आफ्नो निर्वाचन क्षेत्रका मात्रै होइन, झापा, सुनसरी र मोरङका समर्थक र शुभचिन्तकलाई आफू बसेकै स्थानमा दमक-५ स्थित लक्की सिटौलाको घरमा भेटघाट गरे।

त्यसपछि साँझ ४ बजे इलाम उक्लिएका उनले इलाम सदरमुकाममा बास बसे र समर्थकहरूलाई भेटे। भोलिपल्ट माघ ८ गते ताप्लेजुङको सदरमुकाम पुगेका उनले आफ्ना समर्थक र शुभचिन्तकहरूलाई भेटघाट गरेर पाथीभरा मन्दिरको दर्शनका लागि पुगेका थिए। त्यस दिन माथिल्लो फेदीमा बास बसेका बालेन भोलिपल्ट ९ गते पाँचथर हुँदै तेह्रथुम पुगे।

शनिबार उनी संखुवासभा पुगेका थिए। शनिबार बिहानै संखुवासभाको कार्यक्रम सकेर बालेन धनकुटा आइपुगेका थिए। साँझ विराटनगर हुँदै काठमाडौं फर्केका हुन्।

# राष्ट्रिय सभा निर्वाचन आज

**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रिय सभा सदस्यको निर्वाचन आइतबार हुँदैछ। निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले आइतबार बिहान ९ बजेदेखि मतदान सुरु हुने जानकारी दिए।

राष्ट्रिय सभाका १९ जना सदस्यको कार्यकाल आगामी फागुन २० मा सकिँदैछ। जसमध्ये कोशी प्रदेशबाट नेपाली कांग्रेसका उम्मेदवार सुनीलबहादुर थापालाई राष्ट्रिय सभा सदस्य निर्विरोध निर्वाचित भएको घोषणा गरिएको छ। नेकपाका उम्मेदवार हेमराज घिमिरे उम्मेदवारी दर्ता गर्न समयमै नआएपछि थापा निर्विरोध भएका थिए। यता एक जना राष्ट्रपतिबाट मनोनित हुनेछन्। बाँकी १७ सदस्यका लागि सोमबार निर्वाचन हुँदैछ।

आयोगका अनुसार सातवटै प्रदेशमा मतदान केन्द्रमा आइतबार बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ। राष्ट्रिय सभा सदस्यको निर्वाचनमा प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष मतदाता हुन्छन्। राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तहलाई १९ मतभार र प्रदेश सभा सदस्यतर्फ ५३ मतभार कायम गरिएको छ। केही प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख, उपप्रमुख एवं अध्यक्ष, उपाध्यक्षले राजीनामा दिई प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गरेकाले मतदाता नामावलीबाट उनीहरूको नाम हटाइएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए। निर्वाचन आयोगका अनुसार १८ पदका लागि ४४ जनाले उम्मेदवारी दिएका थिए। जसमध्ये कांग्रेस र एमालेले भागबन्डा गरेर क्रमशः ९ र ८ सिटमा उम्मेदवारी दिएका छन्। बाँकी एउटा पदमा लोकतन्त्रिक समाजवादी पार्टी (लोसपा)का उम्मेदवार महन्थ ठाकुरलाई समर्थन गरेका छन्।


नेपाल सरकार
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर**
**महांकाल, काठमाण्डौ**

**प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०८२/१०/११)

यस अस्पतालबाट तपसिल बमोजिमको सामाग्री विद्युतीय प्रणाली मार्फत खरिद गर्ने सम्वन्धमा प्रकाशित सूचना बमोजिम पेश भएका बोलपत्रहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) (४) बमोजिम मूल्यांकन हुँदा देहाय बमोजिमका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही देखिएकोले सोही नियमको उपनियम (५) बमोजिम मिति २०८२/१०/१९ गते दिनको २:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदातालाई आधिकारिक पत्र सहित उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि.नं. | बोलपत्रको नाम | बोलपत्र नं. | सफल बोलपत्रदाता |
|---|---|---|---|
| १ | Supply, Delivery and Installation of portable Colour Doppler Ultrasound Machine. | NTrC/G/NCB/11-082/83 | General Medical Suppliers ,Lalitpur |

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
**सडक डिभिजन, डोटी**

**ठेक्का सम्झौता अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८२।१०।११

यस सडक डिभिजन डोटी अन्तर्गत संचालित तपशिल बमोजिमका ठेक्काहरुका लागि तपशिल बमोजिमका निर्माण व्यवसायीहरु र यस सडक डिभिजन डोटी बिच ठेक्का सम्झौता भई सम्झौता बमोजिम तोकिएको निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेमा सो हुन नसकि म्याद समेत समाप्त भई सकेको, निर्माण व्यवसायीहरुले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको हुँदा सम्बन्धित ठेक्का सम्झौताको GCC 57 र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) मा भएको व्यवस्था र सारभुत रुपमा उक्त निर्माण कम्पनिहरुबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निर्माण कम्पनिहरु स्वयंबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) समेतको आधारमा ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ। यस पश्चात सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ र ठेक्का सम्झौताको प्रावधान बमोजिम कालो सुचिमा राख्न सिफारिस गरिने तथा सार्वजनिक खरिद ऐन २०६३ को नियम ५९ र ठेक्का सम्झौताको प्रावधान बमोजिम कार्यसम्पादन जमानत, धरौटी वापतको रकम, यस अघि पेश्की जफत नगरिएको भए पेश्की रकम/वापतको जमानत जफत गरिने छ र ठेक्का सम्झौताका शर्तहरु र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(८) बमोजिम बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुल उपर गर्नेतर्फ कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३) बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रुपमा सम्पन्न भई सकेका कुनै कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा निर्माण व्यवसायीलाई यस सडक डिभिजनमा सम्पर्क राखी बित्तीय फरफारक गर्न समेत अनुरोध छ।

तपशिल

| क्र.स. | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायी |
|---|---|---|---|
| 1. | RDDOT/337011694/078/79-032 | Roadway Excavation and Structure Works along Gaira-Gankhet-Aalital Road, Dadeldhura. | M/s J.D.M.R. Builders, Kathmandu. |
| 2. | RDDOT/337011694/078/79-033 | Roadway Excavation and Structure Works along Shahukharka Kafali Unikot Road, Dadeldhura. | M/s J.D.M.R. Builders, Kathmandu. |
| 3. | RDDOT/337011694/078/79-038 | Roadway Excavation and Structure Works on Chamada-Koirali-Sugarkhal-Chullek Road, Dadeldhura. | M/s J.D.M.R. Builders, Kathmandu. |

डिभिजन प्रमुख



**रिलायन्स फाइनान्स लिमिटेडका**
**ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मितिः २०८२/१०/११)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपशिल

**केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नाम : मारिचिन लोजिष्टीक**<br>ठेगाना : मकवानपुर जिल्ला, हेटौडा वडा नं. ०४<br>दर्ता नं. : २६८०/१६२०/०७७/७८<br>दर्ता मिति : २०७८/०१/१६<br>पान नं. : १११३८६७१४<br>**कर्जा शिर्षकः हायर पर्चेज कर्जा** | १. **रीता कुमारी साह** को नाममा दर्ता रहेको मकवानपुर जिल्ला, हेटौडा वडां.४ को स्थित कित्ता नं. ७९२६ र ९७०८ को क्षेत्रफल क्रमश : ०-०-१७.२५-०, ०-०-३-० व.मि को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।<br>२.यस संस्थाको नाममा धनी कायम भई **ऋणी मारिचिन लोजिष्टीक**को नाममा भएको प्र-२-०३-००१ ख २७८७ र प्र-२-०३-००१ ख २७८८ को जम्मा होहान ट्रक २ थान। | **नाम : संजीव साह**<br>ठेगाना : सप्तरी जिल्ला इनर्वा फलवडीया वडा नं.०५<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा वडा नं.०४<br>बुवा : खुसी लाल साह तेली<br>बाजे : सावुरी साह<br>**नाम : रीता कुमारी साह**<br>ठेगाना : सप्तरी जिल्ला इनर्वा फुलवडीया वडा नं.०५<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा वडा नं.०४<br>श्रीमान : खुसी लाल साह तेली<br>ससुरा : सावुरी साह<br>**नामः सुजीत कुमार साह**<br>ठेगाना : सप्तरी जिल्ला, इनर्वा फुलवडीया वडा नं.०५<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा वडा नं.०४<br>बुवा : खुसी लाल साह तेली<br>बाजे : सावुरी साह | **नाम : खुसी लाल साह तेली**<br>ठेगाना : सप्तरी जिल्ला, इनर्वा फुलवडीया वडा नं.०८<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा वडा नं.०४<br>बुवा : सावुरी साह<br>बाजे : अमृत साह<br>**नाम : चाँदनी साह**<br>ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर वडा नं.१४<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा वडा नं.०४<br>श्रीमान : संजीव साह<br>ससुरा : खुसी लाल साह तेली<br>**नाम : ममता कुमारी साह**<br>ठेगाना : सप्तरी जिल्ला, इनर्वा फुलवडीया वडा नं.०८<br>हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौडा वडा नं. ०४<br>श्रीमान : सुजीत कुमार साह<br>ससुरा : खुसी लाल साह तेली |

**केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| २ **नाम : राज कुमार भुजेल**<br>ठेगाना काभ्रेपलान्चोक जिल्ला, पनौती न.पा वडा नं. १०<br>वुवा : श्रीकृष्ण भुजेल<br>बाजे : दिर्घ बहादुर भुजेल<br>**कर्जा शिर्षक : व्यक्तिगत कर्जा** | **राज कुमार भुजेल**को नाममा दर्ता रहेको साविक चितवन जिल्ला, पिठुवा वडा नं.०५ हाल रत्ननगर न.पा. वडा नं. १४ स्थित कित्ता नं. १२९० र १२८९ को क्षेत्रफल ३३८.६३ र ३३८.६३ ब.मी. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। | **नाम : प्रतिभा थापा**<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज वडा नं.०२<br>श्रीमान : राज कुमार भुजेल<br>ससुरा : श्रीकृष्ण भुजेल |

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:** Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा



**Katari Municipality**
**Office of the Municipal Executive**
**Koshi Province, Udayapur**

**Invitation for Bids**

**First Date of publication: 25th January, 2026 (2082/10/11)**

Katari Municipality, Office of the Municipal Executive invites Electronics Bids from eligible bidders for the execution of following works under National Competitive Bidding as listed below:

| S. N. | Contract ID | Description of work | Estimated Amount in NRs (VAT and PS inclusive) | Bid Document Cost (NRs) | Bid security amount (NRs) | Bid Submission Deadline | Bid validity / Bid Security period |
|---|---|---|---|---|---|---|---|
| 1 | KMUN/W/NCB/19/082/83 | Construction of Shree Ma.Vi Limpatar School Building, Katari 9 | 85,32,493.26 | 3,000 | 2,00,000 | 12:00 Hrs on 25th February, 2026 | 90 days/120 days |
| 2 | KMUN/W/NCB/20/082/83 | Construction of Janamukhi Ma.Vi School Building, Baseri, Katari 12 | 85,32,493.26 | 3,000 | 2,00,000 | 12:00 Hrs on 25th February, 2026 | 90 days/120 days |
| 3 | KMUN/W/NCB/21/082/83 | Construction of Chandrawati Ma.Vi School Building, Lekhani, Katari 14 | 88,51,833.92 | 3,000 | 2,20,000 | 12:00 Hrs on 25th February, 2026 | 90 days/120 days |

For further information, contact Katari Municipality, Office of the Municipal Executive or visit PPMO's e-GP system ***www.bolpatra.gov.np/egp.***

**Chief Administrative Officer**